# बालश्रम मुक्त सामग्री तथा सेवा प्रयोग गर्ने अभियानमा सहभागी बनौं ।

बालबालिकालाई श्रममा लगाउनु बालअधिकारको उल्लघंन हो । बालश्रम शोषणको दूरगामी नकारात्क प्रभाव राष्ट्को आर्थिक, सामाजिक, क्षेत्रमा पर्न गई राष्ट्र निर्माण प्रक्रियामा नै बाधा सिर्जना हुन जान्छ । विभिन्न उद्योग, व्यवसाय, कलकारखाना, रेष्टुरेन्ट, यातायात क्षेत्र, निर्माण क्षेत्र, कृषि आदि सबैजसो व्यसायिक क्षेत्रमा बालश्रमिक छन् । बालश्रमको अन्त्यका लागि सबैको सहयोग सहकार्य र सर्तकता आवश्यक छ । बालश्रम हुने कारणहरूलाई सम्बोधन गर्दै यसका उत्पत्ति स्थान (जँहाबाट बालश्रमिक आउँछन्) र गन्तव्य स्थान (जहाँ बालश्रम लगाइन्छ) मा कार्य गर्नु आवश्यक छ । श्रममा संलग्न बालबालिकाको उद्धार संरक्षणका साथै बालश्रम प्रयोगलाई दुरुत्साहित गर्ने कार्यलाई पनि अघि बढाउनु आवश्यक हुन्छ। अतः बालश्रम प्रयोग भएका सामग्री, सेवाको प्रयोगलाई दुरुत्साहित गर्दै बालश्रम विहिन सामग्री तथा सेवाको प्रयोग गर्न सबैलाई आह्वान गर्दछौं । साथै जोखिमपूर्ण अवस्थामा रहेका बालश्रमिकहरूको उद्धार, संरक्षणमा सहयोग गर्न पनि अनुरोध गर्दछौं ।

ईट्टा उद्योगमा पनि बालश्रमिकको संख्या उल्लेख्य रहेको पाइन्छ । बालश्रम प्रयोग गरी उत्पादन गरिएको ईट्टा प्रयोगलाई निरुत्साहित गर्दै बालश्रम मुक्त ईट्टा प्रयोगलाई प्रोत्साहन गर्नेतर्फ सवैको ध्यान जानु जरुरी छ । बालश्रम मुक्त ईट्टा प्रयोग सम्बन्धमा श्रम मन्त्रालयले पनि विभिन्न संरचनाको पुनःनिर्माण, सरकारी भवन तथा विद्यालय निर्माणमा बालश्रम मुक्त ईट्टा प्रयोग गर्न परिपत्र गरेको छ । जिल्ला बाल कल्याण समिति भक्तपुरले भक्तपुर जिल्लाका ७ वटा ईट्टा उद्योगहरू बालश्रम मुक्त घोषणा गरिसकेको छ । त्यस्तै, ग्लोबल फेयरनेश इनिसियटिभ संस्थाले विभिन्न जिल्लाका ८ वटा ईट्टा उद्योगहरूलाई बालश्रम मुक्त उद्योग घोषणा गरिसकेको छ । हाल घोषणा गरिएको ईट्टा उद्योगहरूबाट ६० लाख वटा ईट्टा बालश्रम प्रयोग नगरी उत्पादन गरिएका छन् । यसलाई विस्तार गर्दै सम्पूर्ण ईट्टा उद्योगहरूलाई बालश्रम मुक्त बनाउन आवश्यक छ ।

याद गर्नुहोस ः तपाइले बनाउने बलियो घर, पर्खालमा कतै कलिला बालश्रमिकका आँशु पसिना त मिसिएको छैन रु

**बालश्रम कानुन विरुद्धको कार्य हो, बालश्रम(निषेध तथा नियमित गर्ने ऐन, २०५६) अनुसार**

- १४ वर्ष पूरा नगरेका बालबालिकालाई कुनैपनि श्रममा संलग्न गराउन पाइँदैन । बालबालिकालाई श्रममा लगाएमा रू. १०,००० सम्म जरिवाना वा ३ महिनासम्म कैद वा दुबै सजाय हुनेछ ।
- बालबालिकालाई इच्छा विपरीत श्रमिकको रूपमा जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन पाइदैन । त्यसको विपरीत काम गरेमा रू. ५०,००० सम्म जरिवाना वा १ वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

१४ वर्ष पूरा गरेका १६ वर्षसम्मका बालबालिकालाई हलुका खालको काममा मात्र लगाउन सकिने छ । त्यसरी बालबालिकालाई काममा लगाउनुपर्दा बेलुका ६ बजेदेखि बिहान ६ बजेसम्मको अवधिभर काममा लगाउन पाइँदैन । उनीहरूलाई दिनको ६ घण्टा र हप्तामा ३६ घण्टाभन्दा बढी काममा लगाउनु हुँदैन । बालबालिकालाई काममा लगाउनु परेमा सम्बन्धित श्रम कार्यालय वा तोकिएको अन्य निकाय वा अधिकारी र बालबालिकाको बाबुआमा वा संरक्षकको स्वीकृति लिनु पर्नेछ । त्यसको विपरीत काम गरेमा रू. ५,००० सम्म जरिवाना वा २ महिनासम्म कैद वा दुबै सजाय हुनेछ ।


नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
केन्द्रीय बालकल्याण समिति
फोन नं.: ०१-५०१००४५